

के तपाईको घर पा(नीले रसाएको छ ?
अब चिन्ता नगर्नुहोस !
चिन्ताको समाधान Waterproofing ले गर्ने छ । 100% ग्यारेन्टीका साथ समस्यको समाधान ।
सम्पर्कः प्रगति ट्रेड कर्न्सन
रानीपौवा, पोखरा-११ (रन्जित पार्टी प्यलेसको नजिकै)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रू. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरून्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्कः
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २४ ❑ अङ्क २२४ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८० भदौ ९ गते शनिबार ❑ 26 Aug. 2023 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५ ।–


## सामाजिक सञ्जालबाट जनयुद्ध र मधेस आन्दोलनलाई बदनाम गर्ने कार्य भइरहेको छ : प्रधानमन्त्री

**रासस**
पोखरा, ८ भदौं

प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' ले पछिल्लो समय सामाजिक सञ्जालबाट जनयुद्ध र मधेस आन्दोलनलाई बदनाम गर्ने कार्य भइरहेको प्रति दुःख व्यक्त गर्नुभएको छ।

समाजवादी मोर्चाद्वारा वीरगञ्जमा शुक्रबरा आयोजित सन्देशसभालाई सम्बोधन गर्दै उहाँले भन्नुभयो, "यतिबेला जनयुद्ध र मधेस आन्दोलमा होमिएका पुराना पार्टी र पुराना नेतालाई लक्षित गरी विभिन्न सामाजिक सञ्जालहरुबाट भ्रामक कुरा प्रचारप्रसार भइरहेको छ, खासगरी क्रान्तिकारी नेता र क्रान्तिकारी पार्टीका विरुद्ध ठूलो प्रपञ्च भइरहेको छ ।" यो बडो दुःखद कुरा हो र यसलाई हामीले गम्भीर रुपमा लिएका प्रधानमन्त्री दाहालको भनाइ छ।

प्रतिगामी शक्तिका विरुद्ध र जनतालाई समाजवादको यात्राका डोऱ्याउन समाजवादी मोर्चा बनाएको उल्लेख गर्दै उहाँले पुराना एजेण्डा र पुरानो विचारले प्रतिगामी शक्तिसँग लड्न नसक्ने भएकाले नयाँ सोच, नयाँ विचार र नयाँ एजेण्डाका साथ अघि बढेको स्पष्ट पार्नुभयो। "सरकार सुशासन, समाजवाद र समृद्धिको यात्रामा अघि बढेको छ", प्रधानमन्त्री दाहालले भन्नुभयो, "सुशासन, समाजवाद र समृद्धिको यात्रामा सरकार अघि बढिसकेको छ, अब यसबाट सरकार पछि हट्दैन।"

विभिन्न अवरोध, अड्चनका बाबजुद नक्कली भुटानी शरणार्थी घटनालाई छानबिन गरी निष्कर्षमा पुऱ्याइए जस्तै ललिता निवास काण्ड र सुन तस्करी काण्डलाई सरकारले निष्कर्षमा पुऱ्याउने उहाँले बताउनुभयो।

यसबाहेक सरकारले मधेसमा ठूलो समस्याको रुपमा देखिएको मिटरब्याजी पीडितहरुको समस्या ऐन बनाएर सम्बोधन गर्ने प्रयास गरिएको र वैदेशिक रोजगारीलाई व्यवस्थित बनाउने कामलाई अघि बढाएको प्रधानमन्त्री दाहालले चर्चा गर्नुभयो। मधेसको विकासका लागि आफू चिन्तित रहेको बताउँदै उहाँले निजगढ विमानस्थल निर्माणका लागि बिहीबार नै मन्त्रिपरिषद्बाट निर्णय भइसकेकाले काम छिट्टै अघि बढ्ने दाबी गर्नुभयो। मधेस प्रदेशलाई सुक्खाग्रस्त क्षेत्र घोषणा गरी राहत प्याकेज ल्याउने तयारी भइरहेका बेला ठूलो वर्षा र बाढी आएकाले त्यो तत्कालका लागि रोकिएको उल्लेख गर्दै उहाँले एक दुई दिनभित्रै उक्त निर्णय गरिने र मधेसका किसानले राहत पाउने विश्वास व्यक्त गर्नुभयो। मधेसमा सिँचाइ गर्न सुनकोशी-मरिन डाइभर्सनको कामलाई तीव्रता दिएको स्पष्ट पार्दै प्रधानमन्त्री दाहालले निजगढ-काठमाडौँ फास्ट ट्र्याकको काम छिट्टै सम्पन्न हुने बताउनुभयो।

लामो समयदेखि रोकिएको सङ्घीय शिक्षा ऐन, सङ्घीय निजामती ऐन र प्रहरी समायोजन


**बाँकी अन्तिम पृष्ठमा ▶▶**


## रेवान पोखराले सडक महोत्सवको रजत जयन्ती मनाउने

**पोखरापत्र संवाददाता**
पोखरा, ८ भदौं

रेष्टुरेण्ट एण्ड वार एशोसियसन (रेवान) पोखराले विगत २५ बर्ष देखि आयोजना गर्दै आएको पोखरा सडक महोत्सवको २५ औं बर्ष गाँठको अवसरमा विभिन्न कार्यक्रमको आयोजना गरी रजत जयन्ती मनाउने भएको छ।

शुक्रबार पोखरामा सम्पन्न भएको रेवान पोखराको २९ औं वार्षिक साधरण सभाको अवसरमा रेवान पोखराका अध्यक्ष नरेश भट्टराईले उक्त महोत्सवको २५ औं प्रबेश गरेको अवसरमा यो बर्ष भरी विभिन्न कार्यक्रम सहित रजत जयन्ती मनाउने भएको बताउनु भएको हो। पोखरा सडक महोत्सव आउदो पौष १२ गते देखी १६ गते सम्म आयोजना हुने भएको उहाँले बताउनु भयो । पोखरा महानगरपालिकाका वडा न. ६ का वडा अध्यक्ष विष्णु वहादुर भट्टराईले अफसिजनमा रेवान पोखराको सडक महोत्सवले पोखराको पर्यटन प्रबर्द्धनमा अतुलनिय योगदान दिएको दाबी गर्नु भयो । पोखरा आउने पर्यटकलाई गुणस्तरिय सेवा दिन सबै तत्पर हुनु पर्ने उहाँको भनाई थियो। पर्यटन गन्तव्यहरुको बिस्तार, पर्यटन पूर्वाधार, सडक, आबश्यक पर्यटन जनशक्ति, सुरक्षा व्यवस्था, सरकारवाट दीर्घकालीन पर्यटन नीति र पर्यटन मैत्री वातावरण बताउन सबै लाग्नु पर्ने वडा अध्यक्ष भट्राइको भनाई थियो । रेवान पोखराका अध्यक्ष भटेराईको अध्यक्षतामा सम्पन्न भएको कार्यक्रममा रेवान केन्द्रका अध्यक्ष अरनीको राज भण्डारी, नेपाल पर्यटन बोर्ड गण्डकी प्रदेशका निमित्त प्रमुख नविन पोखरेल, पोखरा पर्यटन परिषदका उपाध्यक्ष कृष्ण भण्डारी, पत्रकार महासंघ कास्कीका उपाध्यक्ष जमुना वर्षा शर्मा, रेवान पोखराका पुर्व अध्यक्ष गणेश वहादुर भट्टराई, संस्थाको प्रथम उपाध्यक्ष विश्व राज पौडेल, महासचिव विकास भट्टराई लगायतले पोखरा सडक महोत्सव, विश्व पर्यटन मिनी सडक महोत्सव, होली महोत्सव, जस्ता कार्यक्रमहरु आयोजना हुनुले पोखराको पर्यटन प्रबर्द्धन भएकोमा जोड दिदै आगन्तुक पाहुनको बसाई अवधि लम्बाउन तर्फ पनि अब ध्यान दिनुपर्नेमा जोड दिनु भयो। पोखरामा पर्यटन आगमनको अवस्था सुधारोन्मुख भएको व्यवसायीहरुको भनाई रहेको छ।




## ज्येष्ठ नागरिकलाई सार्बजनिक यातायातमा छुटको माग

**पोखरापत्र संवाददाता**
पोखरा, ८ भदौं

ज्येष्ठ नागरिकलाई सार्बजनिक यातायातमा पचास प्रतिशत छुट हुने ऐनमा ब्यवस्था भए पनि गण्डकी प्रदेशमा त्यो कार्यान्वयन भएको छैन।

यसै बिषयलाई लिएर ज्येष्ठ नागरिक संग सरोकार राख्ने बिभिन्न संघ संस्थाहरुले शुक्रबार प्रदेश सरकार, भौतिक योजना तथा यातायात मन्त्रालयमा उक्त छुट कार्यान्वयनमा ल्याउन माग गर्दै ज्ञापन पत्र बुझाएका छन्। नेपालको ज्येष्ठ नागरिक ऐन २०६२ ले गरेको ब्यवस्था र त्यस्मा भएको संशोधन २०७९ बमोजिम ज्येष्ठ नागरिकका तपशिल हक अधिकार ब्यवहारमा कुण्ठित हुँदै गएको, यो नियमावली बाग्मतिका कतिपय जिल्लामा लागु भए पनि गण्डकी प्रदेशमा लागु नभएको कुरा ज्ञापन पत्रमा उल्लेख गरिएको छ।



ज्येष्ठ नागरिकहरुले ऐन र नियमावली अनुसार आफ्नो हक अधिकार ब्यवहारमा लागु होस् भनिरहँदा यातायात ब्यवसायमा लागेका कतिपय कर्मचारीहरुबाट अपमानित हुनु परेको कुरा रा.ज्ये.ना.महासंघका केन्द्रीय सचिव कुसुम केशव पराजुलीले उक्त अवसरमा बताएका थिए।

बिद्यार्थी, अपाङ्गता भएका ब्यक्ति लगायतकाले सार्बजनिक यातायातमा भाडा छुट पाईरहेको अवस्थामा ज्येष्ठ नागरिक प्रति सौतेनी ब्यवहार हुनु न्याय संगत नभएको तर्क रा.ज्ये.ना.महासंघ, गण्डकीका अध्यक्ष गुमान सिंहले मागपत्र प्रस्तुत गर्दा राखेका थिए। अरु भन्दा पनि सहुलियत भाडा माग गर्दाका यातायातका कर्मचारीबाट शब्दहरु असभ्य, अपाच्य समेत हुने गरेकोमा यातायातमा काम गर्ने मजदुरहरुलाई मजदुरकै कुनै संघसंस्थाले प्रशिक्षण दिन नसकेको महशुस हुन्छ।

उक्त अवसमा गण्डकी प्रदेश सरकार, भौतिक योजना तथा यातायात मन्त्रालयमा ज्ञापन पत्र बुझाउन जानेहरुमा राष्ट्रिय ज्येष्ठ नागरिक महासंघ, कास्की जिल्ला, पोखरा नगर समितिका पदाधिकारीहरु समेत रहेका थिए। यसै गरी ज्ये.ना. जिल्ला संघका अध्यक्ष बिश्वेश्वर आचार्य, सचिव भिम प्रसाद सुबेदी बृद्धाश्रमहरुको प्रतिनिधित्व गर्दै पोखरा बृद्धाश्रमका सचिव धर्म बहादुर गुरुङ्ग, दिवा सेवा केन्द्रहरुको प्रतिनिधित्व गर्दै अलकापुर ज्येष्ठ नागरिक दिवा सेवा केन्द्रका लोकनाथ ढकाल ज्ञापन पत्र बुझाउन गएका थिए। ऐन कार्यान्वयनमा ल्याउन लागि यातायात ब्यवस्था कार्यालय, सार्बजनिक यातायात ब्यवसायीका कम्पनी, संघसंगठन, पोखरा महानगर पालिका लगायतका पालिकाहरु, जिल्ला प्रशासन कार्यालय र ज्येष्ठ नागरिक संघसंगठनसंग संयुक्त बैठक बस्ने र निर्णयमा पुग्दा राम्रो हुने र आफुले त्यस्को लागि पहल गर्ने कुरा भौतिक योजना तथा यातायात मन्त्रालयका मन्त्री रेशम बहादुर जुग्जालीले प्रतिनिधि मण्डललाई आश्वासन दिए। उक्त अवसरमा यातायात ब्यवस्था कार्यालयका प्रमुख डिल्लीराज रिजालले यस बिषयमा यातायात ब्यवसायीहरुसंगको बैठकमा ऐन बमोजिम यातायातमा ज्येष्ठ नागरिकहरुलाई सिटको ब्यवस्थार भाडामा छुट दिन प्रस्ताव राख्ने प्रतिबद्धता जनाएका थिए।

## धरानमा निषेधाज्ञा जारी, सामाजिक सद्भाव कायम गर्न नगर प्रमुख राईको अपिल

**रासस**
सुनसरी, ८ भदौं

सुनसरीकोधरानउपमहानगरपालिकामा धार्मिक/साम्प्रदायिकका साथै जनस्वास्थ्य सङ्कट तथा शान्ति सुरक्षाको संवदेनशीलताका कारण जिल्ला प्रशासन कार्यालय सुनसरीले २४ घण्टे निषेधाज्ञा जारी गरेको छ। शुक्रबार राति १२ बजेदेखि लागू हुने गरी २४ घण्टे निषेधाज्ञा जारी गरिएको सुनसरीका प्रमुख जिल्ला अधिकारी हुमकला पाण्डेले बताउनुभयो। उहाँका अनुसार निषेधाज्ञा आदेश शनिबार राति १२ बजेसम्मका लागि जारी गरिएको छ। उहाँले धरान उपमहानगरपालिकाका २० वटा वडामा मात्रै १५ हजार व्यक्तिमा डेङ्गी सङ्क्रमण फैलिएकाले उपमहानगरपालिकालाई 'जनस्वास्थ्य आपत्कालीन अवस्था' क्षेत्र घोषणा गरिएकाले जारी गरिएको निषेधाज्ञा उल्लङ्घन नगर्न अनुरोध गर्नुभएको छ।

धरान उपमहानगरपालिका प्रवेश गर्ने पश्चिम बाटो बराह क्षेत्र नगरपालिका-१ मा पर्ने झण्डा चोकदेखि धरानतर्फको क्षेत्र, धरान प्रवेश गर्ने पश्चिम-दक्षिण रामधुनी नगरपालिका-६ बाट बराह क्षेत्र नगरपालिका-३ नडाहा चोकबाट धरानतर्फको क्षेत्रमा निषेधाज्ञा जारी गरिएको हो। त्यसैगरी इटहरी उपमहानगरपालिका-२० तरहरा पानीपियादेखि उत्तर धरानतर्फको क्षेत्रमा पनि प्रशासनले निषेधाज्ञा जारी गरेको छ। त्यसैगरी धरान उपमहानगरपालिका-५ प्रवेश गर्ने पूर्वी केराबारीबाट धरानतर्फको क्षेत्र र धनकुटा जिल्ला साँगुरीगढी-६ भेडेटारबाट धरानतर्फको क्षेत्रमा निषेधाज्ञा जारी गरिएको छ। स्थानीय प्रशासन ऐन, २०२८ को दफा ६ को उपदफा (३) बमोजिम शुक्रबार राति १२ बजेदेखि शनिबार राति १२ बजेसम्म अत्यावश्यक काममा सुरक्षा निकायसँग समन्वय गरी बाहेक सामूहिकरूपमा गरिने सामाजिक, धार्मिक, राजनीतिक सभा, ऱ्याली/भेला गर्न रोक लगाइएको छ।

## बेनी-जोमसोम सडकको म्याग्दी खण्डमा अत्यावश्यक काममा बाहेक यात्रा नगर्न आग्रह

**रासस**
म्याग्दी, ८ भदौं


जिल्ला प्रशासन कार्यालयले बेनी-जोमसोम सडकअन्तर्गत म्याग्दी खण्डमा अत्यावश्यक काममा बाहेक यात्रा नगर्न आग्रह गरेको छ।

निरन्तरको पहिराका कारण सडक अवरुद्ध हुँदा यात्रुहरू अलपत्र पर्ने र दुर्घटनाको जोखिम बढेपछि शुक्रबार सार्वजनिक सूचना जारी गरेर बेनीदेखि दाना खण्डमा अति आवश्यक काम नपरी यात्रा नगर्न आग्रह गरेको हो। प्रमुख जिल्ला अधिकारी तुलसीराम पौडेलले सडक अवरुद्ध हुँदा तीर्थयात्रा र भ्रमणका लागि स्वदेशी तथा विदेशी पर्यटकले दुःख पाएकाले बाध्य भएर मौसममा सुधार र सडक सहज नहुँदासम्मका लागि यात्रामा नआउनका लागि आग्रह गरेको बताउनुभयो।

"अन्नपूर्ण गाउँपालिकाको दाना खण्डमा धेरै ठाउँमा पहिरो खसेको छ। फगाममा रहेको दुई केभी क्षमताको दाना-खुर्कोट प्रसारण लाइनको टावर मुनिबाट गुइठेमा ठूलो पहिरो खसेको छ", उहाँले भन्नुभयो, "पहिरो पन्छाउने क्रममा सडक विभागका लोडर अपरेटर र चालक घाइते भएका छन्। जोखिम रहेकाले करिब एक साता बेनीदेखि दाना भएर अत्यावश्यक काममा बाहेक यात्रा नगरिदिनुहुन अनुरोध गरिएको हो।"

निरन्तरको पहिराका कारण ७६ किलोमिटर दूरीको बेनी-जोमसोम सडक मर्मत गरी सिधा यातायात सञ्चालन गर्न समस्या भएको छ। बेनी-जोमसोम-कोरला सडक आयोजनाका प्रमुख जगत प्रजापतिले साउन ३२ गतेदेखि सडक खुलाउने र पहिरो खसेर अवरुद्ध हुने क्रम चलिरहेको बताउनुभयो । "पाँच दिनको प्रयासमा बुधबार यातायात खुलाएका थियौँ", उहाँले भन्नुभयो, "गुइठेमा सडकमाथिको भिरबाट निरन्तर पहिरो खसिरहेको छ। ठूलाठूला ढुङ्गा खसिरहने भएकाले पहिरो नरोकिँदासम्म त्यहाँ डोजर र मजदुरमार्फत मर्मत गर्न जोखिम छ।" आयोजना प्रमुख प्रजापति, इञ्जिनियर विष्णु चापागाईं, डोजर अपरेटर नारायण गिरी र सवारी चालक सुभाष कुमाल, अजय स्याङताङ, सुभर भाइजर इन्द्रसिंह शेरचनलगायतको टोली पहिरो पन्छाउने र सडक मर्मतमा परिचालन हुनुभएको छ। अन्नपूर्ण गाउँपालिकाको जलथले, गुइँठे, सुकेबगर, खामभिक्तालगायतका क्षेत्रमा अविरल वर्षासँगै दर्जन बढी ठाउँमा पहिरो खसेको छ। गुइठेभिरको पहिरोले फगामको डाँडामा रहेको प्रसारण लाइनको टावर जोखिममा परेको छ।

कालीगण्डकीको कटान, कमजोर भूगोल, भूमिगत पानीको उचित व्यवस्थापन नहुनु र शाखा सडकका कारण सिर्जना भएको पहिरोले जलथले-दुवारी खण्डको सडक क्षतविक्षत बनाएको आयोजना प्रमुख प्रजापतिले बताउनुभयो। सडक अवरुद्ध हुँदा जलथले र दाना क्षेत्रमा सवारी साधन रोकिएका छन् । यात्रुहरू दानादेखि नारच्याङको घरापसम्म हिलाम्मे सडकमा कष्टपूर्ण पैदलयात्रा गर्न बाध्य भएका छन्।

# पोखरामा पनि गौरा पर्व

**पोखरापत्र संवाददाता**
पोखरा, ८ भदौं

सुदुरपश्चिममा मनाइने गौरा पर्व पोखरामा पनि भव्य रुपमा मनाइएको छ । सुदुरपश्चिम सम्पर्क एवं बिकास समाजद्धारा यस बर्षको गौरा पर्व विरुडा खादै गौरा देवीको पूजा गरी डेउडा खेलेर मनाइएको हो ।

कार्यक्रमको उद्‌घाटन गर्दै नेपाली काँग्रेस गण्डकी प्रदेशका संसदीय दलका उपनेता एवं पूर्वमन्त्री विन्दु कुमार थापाले गौरा पर्व एतिहासिक र सास्कृतिक मात्र नभई एकताको सुत्रमा बाध्ने पर्वको रुपमा रहेको बताउनुभयो । उहाँले सास्कृतिक विविधता रहेको हाम्रो समाजमा सुदुरपश्चिमबासीको गौरा पर्व मनाउने प्रचलनले पोखरालाई थप सुन्दरता प्रदान गरेको बताउनुभयो । त्यसैगरी पोखरा विश्वविद्यालयका डिन प्रा. राजेश कुमार ठकुराठीले गौरा पर्वको एतिहासिक महत्वको बारेमा प्रकाश पार्दै सुदुरपश्चिमका महिलाहरुको विशेष पर्व रहेको जानकारी दिनुभयो । त्यस्तै समाजका सल्लाहकार डा.पदम खड्काले नेपालका सास्कृतिक पर्व मध्ये गौरा पर्वको इतिहास अझ गर्विलो रहेको बताउँदै सबै नेपालीले मनाउनु पर्ने बताउनुभयो । समाजका अध्यक्ष सागर ऐर र सचिव हरेन्द्र प्रसाद जोशीले पर्वको महत्वलाई बुझेर सरकारले सार्वजानिक विदा दिनुपर्ने माग राख्नुभयो । कार्यक्रममा कुश, कास, सामा, तितेपाती र तिलको बोटबाट बनाइएको बोटको गौराको प्रतिमा र केराउ, गहद, मास, गहुँ लगायत पाँच किसिमका गेडागुडी भिजाएर तयार पारिएको विरुडाको प्रसाद ग्रहण गरी डेउडा खेलिएको थियो । सत्य युगमा हिमालयपुत्री पार्वतीले महादेव स्वामी पाउ भनि भाद्र महिनामा घना जंगलमा गई जनावरको डर नमानी तपस्या गर्दा फल प्राप्त भएको दिनलाई गौरा पर्वको रुपमा सुदुरपश्चिमका महिलाहरुले बिशेष रुपमा मनाउने प्रचलन रहेको छ । सो पर्वमा घर टाढा रहेको पविारका सदस्य एवं आफन्तजन घर फर्कि आउने र पर्व मनाउने चलन रहिआएको छ ।

# घान्द्रुकको (कौँड नाश) वृत्तचित्रः नेपाल र बेलायतपछि हङकङमा प्रदर्शन हुने

**पोखरापत्र संवाददाता**
पोखरा, ८ भदौं

लामा अमृत फाउण्डेशन घान्द्रुकद्धारा निर्माण गरेको घान्द्रुकको (कौँड नाश) वृत्तचित्र नेपाल र बेलायतमा प्रदर्शनपछि हङकङमा प्रदर्शन गर्ने तयारी अन्तिम चरणमा पुगेको छ । लामा अमृत फाउण्डेशन घान्द्रुकद्धारा निर्माण गरेको घान्द्रुकको (कौँड नाश) वृत्तचित्र हङकङमा अगष्ट ३० तारिखमा प्रदर्शन हुने भएको छ ।

ब्रेजमेश्रो फिल्म प्रोडक्शन घान्द्रुकको ब्यानरमा निर्मित वृत्तचित्र घान्द्रुक समाज हङकङको सहयोगमा अगष्ट ३० तारिखमा जोर्डन स्थित ब्लु ओसन रेष्टुरेन्टमा बेलुका ८ बजे प्रदर्शन हुने लामा अमृत फाउण्डेशन घान्द्रुकका सस्थापक अमृत गुरुङले जानकारी दिए । 'कास्कीको पर्यटकीय क्षेत्र घान्द्रुक लगायत विभिन्न क्षेत्रमा निर्माण भएको वृत्तचित्र घान्द्रुक, पोखरा, काठमाडौंसहित बेलायतको तीन शहरमा प्रदर्शन भएको छ', गुरुङले भने, 'घान्द्रुकको (कौँड नाश)वृतचित्रलाई नेपाल र बेलायतपछि अगष्ट ३० तारिखमा हङकङमा प्रदर्शन गर्दै छौं ।' लामा अमृत फाउण्डेशन घान्द्रुकका अमृत गुरुङले निर्माण गरेको उक्त वृत्तचित्रमा सन्तोष कोन्मेको निर्देशन, जितेश प्रधान र युनिश गुरुङको लेखन, शिव मुखियाको संगीत र सञ्जय मल्लको आवाजले सिगारिएको छ । भने बार डिजिटल पोखरामा रेकर्ड गरिएको हो । उक्त वृत्तचित्रमा तमु समुदायसँग सम्बन्धित संस्कृति त्यसैगरी प्राकृतिक सौन्दर्यता तथा कास्कीको उत्तरी भेगमा रहेको पर्यटकीय गाउँ घान्द्रुकको रहनसहन भेषभुषा तथा कला संस्कृतिलाई चित्रण गरिएको छ । लामा अमृत फाउण्डेशनले घान्द्रुक लगायत देशको विभिन्न स्थानमा सामाजिक कार्यमा सहयोग गर्दै आएको छ ।

# "जनप्रकाश बहुमुखी क्याम्पसमा उद्यमशिलता विकास तालीमको उद्‌घाटन सम्पन्न"

**पोखरापत्र संवाददाता**
पोखरा, ८ भदौं

पोखरा २९ भन्डारढिकमा अवस्थित जनप्रकाश बहुमुखी क्याम्पसमा उद्यमशीलता विकास तालीमको उद्‌घाटन कार्यक्रम शुक्रबार सम्पन्न भएको छ । जनप्रकाश बहुमुखी क्याम्पस नेहेप इकाइ को आयोजनामा उक्त कार्यक्रम भएको हो ।

जनप्रकाश बहुमुखी क्याम्पसका क्यापस प्रमुख ऋषीराम बुढाथोकीको अध्यक्षतामा सन्चालीत उक्त कार्यक्रममा इलाका प्रशासन कार्यलय ढुङ्गेपाटन, कास्कीका प्रमुख कमल राज भन्डारीको प्रमुख अतिथ्यतामा सन्चालन भएको थीयो । विद्यार्थीहरुलाइ स्वरोजगार सम्वन्धी तालीम दिइ आत्मनीर्भर बनाउने उदेश्यले संचालीत उत्त कार्यक्रमको पहिलो चरणमा जनप्रकाश बहुमुखी क्याम्पसमा स्नातक तहमा अध्यनरत ७४ जना बिद्यार्थी सहभागी भएका छन । बिभीन्न चरणमा संचालन हुने उत्त तालीममा बिभीन्न समयमा बिभीन्न सहजकर्ताहरुले तालीम प्रदान गर्नुहुनेछ । उत्त कार्यक्रममा बोल्दै सहायक सिडीओ भन्डारीले तालीमबाट सीकेका कुरा ब्यबहारमा उतारी आजका जनप्रकासका बिद्यार्थी भोलीका ठुला ब्यबसायी भएका हेर्न पाउने कुरामा आफु विश्वस्त भएको धारणा ब्यक्त गरे । साथै अध्यनको क्रममा बिद्यार्थीलाइ यस्तो प्रकारको तालीम उपलब्ध गराएकोमा जनप्रकाश बहुमुखी क्याम्पसलाइ मुक्त कण्ठले प्रसंसा गरे । उद्‌घाटन कार्यक्रममा सहायक क्याम्पस प्रमुख अर्जुन ओझा, क्याम्पस सञ्चालक समीती, अध्यक्ष विजय राज भन्डारी, जनप्रकाश बहुमुखी क्याम्पस सञ्चालक समीतीका निबर्तमान अध्यक्ष एवंम लेखनाथ उधोग बाणीज्य संघका पुर्व अध्यक्ष कृष्णहरी भन्डारी लगाएतले बोलेको कार्यक्रमको सञ्चालन कार्यक्रम संयोजक एवम नेहेप कोअडीनेटर युवराज लामीछानेले गरेका थीए ।

# लायन्स क्लव अफ पोखरा सृजना चौतारीको पदस्थापन

**पोखरापत्र संवाददाता**
पोखरा, ८ भदौं

लायन्स क्लव अफ पोखरा सृजना चौतारीको स्थापना दिवस तथा पदस्थापन कार्यक्रम सम्पन्न भएको छ ।

क्लव स्थापना दिवसको दिन भदौ ७ गतेको अवसर पारेर तीन महिना अघि निर्वाचित दीपक तिमिल्सिना नेतृत्वको कार्यसमितिलाई पदस्थापन गरिएको हो । लायन्स क्लवमा पदभार सम्हाल्नु तीन महिना अघि निर्वाचित हुने प्रावधान छ । सो अनुसार जुलाई एक तारिखका दिन निर्वाचित तिमिल्सिनालाई निवर्तमान अध्यक्ष जनकबहादुर कार्कीले शुक्रबार साँझ एक विशेष कार्यक्रमका बीच पदभार हस्तान्तरण गरेका थिए ।

पदभार ग्रहण गरेपछि अध्यक्ष तिमिल्सिनाले आगामी कार्ययोजना प्रस्तुत गरेका थिए । आफ्नो कार्यकालमा कुल २६ वटा कार्यक्रम बनाएकोमा १४ वटा सम्पन्न गरिसकेको र बाँकी १२ वटा कार्यतालिका बनाएर गर्ने योजना रहेको उनले जानकारी गराए । आगामी कार्यकाललाई स्वर्णिम बनाउनका लागि उनले मधुमेह सचेतना कार्यक्रम, सरसफाई कार्यक्रम, देउसीभैलो कार्यक्रम, मिर्गौला पीडितलाई सहयोग, लायन्स क्वेष्ट कार्यक्रम, न्यानोकपडा वितरण, स्टेसनरी वितरण, अर्न्तराष्ट्रिय ईसामे डिष्ट्रिक्ट कन्भेन्सनमा सहभागिता, वनभोज कार्यक्रम, शुभकामना आदानप्रदान, पिस पोष्टर कार्यक्रम र गभर्नर क्लव भिजिट कार्यक्रमको तालिका निर्धारण गरेर त्यसको संयोजकसमेत घोषणा गरे । यसअघि आफू निर्वाचित भएपश्चातको तीन महिनाको अवधीमा निर्वाचन तथा पद हस्तान्तरण, अर्न्तराष्ट्रिय, मल्टिपल र ड्यूज, स्वास्थ्य तथा खेलकुद सामग्री वितरण, वृक्षारोपण, रक्तदान, छात्रवृत्ति वितरण, ह्वीलचेयर वितरण, सेतो छडी वितरण, ब्रेभ स्ट्राट फण्ड संकलन गरिसकेको उनले उल्लेख गरे । कार्यक्रममा केक काटेर क्लवको स्थापना दिवस मनाइएको थियो भने नया सदस्यहरुलाई स्वागतसहित सदस्यता वितरण गरिएको थियो । सो अवसरमा क्लवले भरत अधिकारी र कृष्ण




लामिछानेलाई ह्वीलचेयर प्रदान गरेको थियो भने अपाङ्गता स्वावलम्वन विकास संघ (डिडा) मार्फत दृष्टिविहीनहरुलाई वितरण गर्नेगरी २० वटा सेतो छडी प्रदान गरेको थियो । कार्यक्रमका प्रमुख अतिथि लायन्स क्लव ३२५ बीज्ञ का डिष्ट्रिक्ट गभर्नर हरिप्रसाद मरहठ्ठाले लायन्स क्लव अफ सृजना चौतारी सामाजिक कार्यमा अब्बल क्लव भएको भन्दै क्लव र अध्यक्ष दीपक तिमिल्सिनाको प्रशंसा गरे । कार्यक्रममा निवर्तमान डिष्ट्रिक्ट गभर्नर ध्रुव श्रेष्ठ, पिएमसिसी प्रेमबहादुर श्रेष्ठ, क्लवका संस्थापक अध्यक्ष बालकृष्ण बराल, निवर्तमान अध्यक्ष जनकबहादुर कार्की, पूर्व अध्यक्ष बिना गुरुङ, चिफ एडभाईजर प्रजापती बास्तोला, सहायक चिफ एडभाईजर मधुसुदन कोईराला, जिएलटी कोअर्डिनेटर सन्तोष घिमिरे, रक्तदान कार्यक्रम संयोजक जितबहादुर थापा - गोपाल), ईनसामे चिफ जीवन गोर्खाली, लगायतले क्लवहरु मध्ये सृजना चौतारीले आफूभन्दा कम भाग्यमानी तथा सिमान्तकृत समुदायको हितमा अनुकरणीय कार्य गरेको बताए ।

# सामाजिक...

ऐन तत्काल संसद्‌बाट पारित गरिने प्रतिबद्धता व्यक्त गदै ' उहाँले तीनवटै ऐन पारित गराइ कार्यान्वयन गर्न सरकार दृढ रहेको बताउनुभयो ।

संविधान निर्माणका क्रममा आफ्नो पार्टीले केही असहमति राखेर पास गरेको उल्लेख गर्दै प्रधानमन्त्री दाहालले संविधानमा रहेको त्रुटि सच्याउन र संविधानलाई व्यवस्थित रुपमा संशोधन गर्न सरकार, सदन र सडक तीनवटै मोर्चाबाट पहल र प्रयास आवश्यक रहेको जिकिर गर्नुभयो ।

पूर्वप्रधानमन्त्री एवं नेकपा (एकीकृत समाजवादी) का अध्यक्ष माधवकुमार नेपालले अझै संविधानको अपब्याख्या गर्ने र सङ्कटमा पार्ने काम भइरहेकाले संविधानको रक्षा गर्न चार दलीय समाजवादी मोर्चा बनाएको उल्लेख गर्नुभयो । जनताको जीवनस्तरमा परिवर्तन ल्याउन र समृद्धि मुलुक बनाउनु मोर्चाको पहिलो कार्य नीति रहेको उल्लेख गर्नुहुँदै मोर्चाका अध्यक्षसमेत रहनुभएका अध्यक्ष नेपालले भन्नुभयो, "अब कुनै पनि व्यक्ति दुखित हुन नपरोस्, अपमानित महसुस गर्न नगरोस्, बेरोजगारी नहोस् भन्ने चाहनाका साथ मोर्चा बनाएका छौँ ।"

# पृथ्वीराजमार्ग बस संचालक कम्पनीका बसमा क्यूआर कोड

**पोखरापत्र संवाददाता**
पोखरा, ८ भदौं

पृथ्वीराजमार्ग बस संचालक कम्पनीले डिजिटल सेवालाई आत्मसात गर्दै बसमा क्युआर कोड सुरु गरेको छ ।

टिकट काट्ने र काउन्टरमा पुगि लाइन बसेर नगद बुझाउने झन्झटलाई अन्त्य गर्ने उदेश्यका साथ कम्पनीले मोबाइलबाटै टिकट रकम दिन सक्ने व्यवस्थापन सुरु गरेको हो ।

प्राइम कर्मसियल बैंक र पृथ्वीराजमार्ग बस संचालक कम्पनीसँगबीच भएको सहकार्य अन्तरगत सुरुमा एक सय वटा बसमा क्यूआर कोड सेवा सञ्चालनमा ल्याएको हो । नेपाल राष्ट्र बैंक गण्डकी प्रदेश कार्यालय पोखराका प्रमुख आर्या जोशी, प्राइम कमर्सियल बैंकका सहायक महा प्रबन्धक सुरेशमान सिंह र कम्पनीका अध्यक्ष योगेन्द्र केसीले संयुक्त रुपमा क्यूआर कोडको शुभारम्भ गरे । नेपाल राष्ट्र बैंक गण्डकी प्रदेशका प्रमुख आर्या जोशीले अब नगदी कारोबार डिजिटल माध्ययमबाटै अघि बढेको सुनाइन् । हरेक क्षेत्रमा




जसरी यातायातको क्षेत्रमा समेत डिजिटल बैंकिङ सेवा जोडिनु सकरात्मक पक्ष रहेको र यसलाई प्रभावकारी बनाउन जोड दिईन् । 'केही वर्ष महामारीले व्यवसायलाई चलायनमान बनाउन सकेनौं', उनले भनिन्, 'सबै व्यवसायीहरु अब डिजिटल बैंकिङ सेवामा जोडिन आवश्यक छ ।' डिजिटल बैंकिङ सेवा सेवालाई प्रभावकारी बनाउने उद्धेश्यका साथ पृथ्वीराजमार्ग बस संचालक कम्पनीसँग सहकार्य गर्दै अघि बढाएको प्राइमकमर्सियल बैंकका सहायक महाप्रबन्धक सुरेशमान सिंहले बताए । 'डिजिटल बैंकिङ सेवालाई प्रभावकारी बनाउँने उद्धेश्यकका साथ यो कम्पनीसँग जोडिएका छौं', महाप्रबन्धक सिंले भने, 'डिजिटल बैंकिङ सेवा हरेक स्थानमा सरल र सहज सेवा विस्तारमा हामी जोडिनुपर्छ ।' पृथ्वीराजमार्ग बस संचालक कम्पनीका अध्यक्ष योगेन्द्र केसीले कम्पनीअन्तरगत एक हजार चार सय बढी बस सञ्चालनमा रहेको बताए । 'हाम्रो कम्पनीले अहिले १४ सय बढी बसबाट सेवा दिइरहेका छौं, सबै बसमा क्यूआर कोड जोड्ने छौं', केसीले भने, 'अहिले एक सय वटा बसमा मात्रै क्यूआर कोड जोडेका छौं, केही दिनमा सबै बसमा यो सेवा विस्तार हुन्छ ।' कम्पनीले पृथ्वी मोबाईल एप्सबाट पनि टिकट काट्ने सेवा विस्तारलाई चाँडै नै लागू गर्ने उनले सुनाए ।

कपालको उपचार

कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने

के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?



- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन् ।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ । यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला ।

सम्पर्कः पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

प्यारालाइसिसका बिरामीको उपचार

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं ।

प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरुको मात्र उपचार भइरहेको छ ।

लक्षणहरु :

» शरिरको एक हर नचल्ने ।
» मुख बाङ्गो भएको ।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको ।
» हिंड्न नसक्ने, खुट्टा हात लुलो भएको ।

सम्पर्कः
स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०

के तपाईमा यौनसम्बन्धी समस्या छ

पुरुषमा देखिने:
शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङग उत्तेजना नहुने, लिङ चिलाउने, सरुवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि ।

महिलाहरुमा देखिने:
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।

सुन्दरता : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।

मलद्वार सम्वन्धी रोग : छारसुत्रद्धार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरुको सफल उपचार गरिन्छ।

महिला वा पुरुषमा हुने (बाँझोपन) निःसन्तानपनको सफल उपचार

जाँच्ने समयः प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
माता मनकामना आर्युबेंद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०४, ९८०६५७५७६५

नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E-mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा ।

# कालीगण्डकीको बहाव उच्च विन्दुमा, शालिग्राम शिला डुबानमा

रासस
पर्वत, ८ भदौ

लगातारको वर्षाका कारण मुस्ताङ, म्याग्दी, बागलुङ, पर्वत हुँदै बग्ने कालीगण्डकी नदीको बहाव उच्च विन्दुमा पुगेको छ । मुस्ताङ, म्याग्दी, बागलुङ र पर्वतमा परेको अत्यधिक वर्षाका कारण नदीको सतह बढेको हो । दुई वर्षयताकै उच्च विन्दुमा नदिको सतह पुगेको कालीगण्डकी नदीमा पानीको बहाव नाप्दै आएका गेज रिडर कृष्णप्रसाद सुवेदीले बताउनुभयो ।

उहाँले बिहानैदेखि नदीको सतहदेखि झन्डै आठ मिटर उचाइमा बहाव भइरहेको बताउनुभयो । अहिलेको पानीको बहाव झन्डै दुई सय ८३ क्युसेक रहेको छ । यो यस वर्षकै सबैभन्दा बढी मापन हो । यसअघि गत साउनमा सात दशमलव ४० मिटरको विन्दुसम्म पुगेको थियो । वर्षा नरोकिएमा अझै बहाव बढ्ने सम्भावना रहेको उहाँले बताउनुभयो ।

कालीगण्डकी नदीको बहाव अत्यधिक मात्रामा बढेपछि तटीय क्षेत्रका बासिन्दा जोखिममा परेका छन् । पर्वतको जलजला गाउँपालिकाका बगरफाँट, वारिबेनी, मिलनचोक, लस्ती र खनियाँघाट तथा कुश्मा नगरपालिकाका मालढुङ्गा, नयाँपुल र मोदीबेणी एवं फलेवास नगरपालिकाका जैमिनीघाट र विहादी गाउँपालिकाको सेतीबेनी बजार उच्च जोखिममा परेका हुन् । बहाव उर्लिएपछि पर्वत, स्याङ्जा र गुल्मीको सिमानामा अवस्थित विश्वकै ठूलो शालिग्राम शिलासमेत डुबानमा परेको छ । शिला डुबानमा परेसँगै उक्त क्षेत्रमा कार्यरत पुजारी तथा पण्डितसमेत विस्थापित बनेका छन् । पवित्र शालिग्राम शिला र शालिग्राम क्षेत्रका सत्तललगायत सबै संरचना डुबाएको स्थानीय तिलक पराजुलीले बताउनुभयो । शिला संरक्षणका लागि बनाइएको तटबन्ध र ग्याबिनसमेत पानीले पुरिएपछि शिलामा दर्शन गर्न जाने पूर्वाधारमा पनि पूर्ण रूपमा क्षति पुगेको उहाँले बताउनुभयो । कालीगण्डएकी 'ए' जलविद्युत् आयोजनाको बाँधका कारण बाढी आउँदा पर्वत, स्याङ्जा र गुल्मीको सिमानामा पर्ने सेतीबेनी बजार डुबानको खतरामा पर्ने गरेको हो । बाँधका सबै ढोका भने खोलिएका छन् । कालीगण्डकी र सेतीखोलाको बहाव बढेसँगै सेतीबेनी बजार डुबानमा पर्ने चिन्ताले पर्वतमा पर्ने बजार क्षेत्र र स्याङ्जा तर्फको बजार क्षेत्रका झन्डै दुई सय व्यापारी तथा सर्वसाधरण त्रसित बनेका छन् ।

विगत १४ वर्षअघि कालीगण्डकी र सेतीखोला उर्लेर आउँदा तीन दर्जन घरपरिवार विस्थापित बनेका थिए । विसं २०६६ असोज २१ मा बजार क्षेत्र नै डुबानमा परेको घटनाले उनीहरूमा सधैँभर त्रास थप्ने गरेको स्थानीय व्यवसायी विष्णु न्यौपानेले बताउनुभयो । उहाँले विश्वकै ठूलो शालिग्राम शिला डुबेको तर बजारसम्म भने आइनसकेको जानकारी दिनुभयो । स्थानीय प्रहरी चौकीका अनुसार अहिलेसम्म पनि पानीको बहाव उच्च छ । बजार क्षेत्रसँगै जोडिएको मन्दिरको सत्तल मुनिको सिँढीसम्म पानीको बहाव आइपुगे पनि खतरा भने बजारवासीलाई नरहेको प्रहरीले जनाएको छ ।

# मनाङमा कृषि क्षेत्र प्रवर्द्धनमा प्राथमिकतामा

पोखरापत्र संवाददाता
मनाङ, ८ भदौ

हिमाली जिल्ला मनाङको कृषि क्षेत्रको विकास र प्रवर्द्धनका लागि प्राथमिकता दिइएको छ । विशेषगरी यहाँको जनजीविका चलाउन गरिएको कृषि क्षेत्रलाई व्यावसायिक बनाउन प्रदेश सरकारले बजेटको व्यवस्था गरेको हो ।

कृषि क्षेत्रको विकास र प्रवर्द्धनका लागि प्राविधिक सेवा तथा प्रयोगशाला र विकासलाई रु तीन करोड ५६ लाख ६९ हजार विनियोजन गरिएको कृषि ज्ञानकेन्द्रले जनाएको छ । केन्द्रका प्रमुख राजेश्वर सिलवालका अनुसार चालुतर्फ रु दुई करोड ९१ लाख १९ हजार र पुँजीगततर्फ रु ६५ लाख ५० हजार विनियोजन भएको हो । प्राविधिक सेवा तथा प्रयोगशालातर्फ कृषि तथ्याङ्क सङ्कलन, उन्नत कृषि प्रविधि प्रदर्शन, प्रयोगशाला सेवा सञ्चालन, स्थानीय तहमा कृषि शिविर/बाली उपचार शिविर, कृषक प्रतियोगिता, विषादीको विषाक्तता सर्वेक्षण/रोग किरा सर्वेक्षण, आइपिएम कृषक पाठशाला र प्राविधिक पृष्ठपोषणका लागि प्राविधिक कार्यदलको अनुगमनलाई बजेट विनियोजन गरिएको उहाँले जानकारी दिनुभयो । कृषि तथ्याङ्क सङ्कलनमा रु पाँच लाख, उन्नत कृषि प्रविधि प्रदर्शनमा रु छ लाख, प्रयोगशाला सेवा सञ्चालनमा रु एक लाख २० हजार, स्थानीय तहमा कृषि शिविर/बाली उपचार शिविरमा रु तीन लाख ८० हजार, कृषक प्रतियोगितामा रु एक लाख ५० हजार, विषादी विषाक्तता सर्वेक्षण/रोग किरा सर्वेक्षणमा रु एक लाख, आइपिएम कृषक पाठशालामा रु तीन लाख र प्राविधिक पृष्ठपोषणका लागि प्राविधिक कार्यदलको अनुगमनमा रु एक लाख बजेट विनियोजन भएको केन्द्रले जनाएको छ । त्यस्तै विकास आयोजनातर्फ खाद्यान्नबाली प्रवर्द्धन, आलु तथा तरकारीबाली प्रवर्द्धन, फलफूल बाली विकास, रैथाने बाली प्रवर्द्धन, प्राङ्गारिक मल वितरण, बाली बिमाको शुल्कमा अनुदान, उन्नत प्रविधि प्रदर्शन कार्यक्रमलाई बजेटको व्यवस्था भएको उहाँले बताउनुभयो । खाद्यान्नबाली प्रवर्द्धनमा रु एघार लाख ६० हजार, आलु तथा तरकारीबाली प्रवर्द्धनमा रु १७ लाख ६० हजार, फलफूल बाली विकासमा रु २ ९ लाख ६० हजार, रैथाने बाली प्रवर्द्धनमा रु १३ लाख, प्राङ्गारिक मल वितरणमा रु ३० लाख, बाली बिमाको शुल्कका लागि अनुदानमा रु पाँच लाख र उन्नत प्रविधि प्रदर्शनमा रु छ लाख विनियोजन भएको छ ।

केन्द्रले जिल्लाका कृषकलाई ७५ प्रतिशत अनुदानमा प्राङ्गारिक मल वितरण गरी खेतीबाली उत्पादनमा वृद्धिको प्रोत्साहन गर्दै आएको छ । कृषि क्षेत्रलाई व्यावसायिक बनाउन प्रोत्साहन गर्ने उद्देश्यले अनुदानमा प्राङ्गारिक मल वितरण गर्दै आइएको केन्द्रले जनाएको छ ।

# नेवारे झरनाले प्रचार पाएन

रासस
पर्वत, ८ भदौ

नजिकै कालीगण्डकी नदी, वरपर घनाजङ्गल । बीचमा छ, नेवारेखोला झरना । प्राकृतिक सुन्दरताले भरिएको यो झरना अहिलेसम्म गुमनाम थियो । बागलुङ बजार नजिकै रहेको नेवारेखोला झरना काठेखोलाको छेउमै रहेको छ । बागलुङ नगरपालिका-१० मा रहेको यस झरनाको अग्लो पहाडबाट झरेको छ । वरपर शान्त, स्वच्छ र मनोरम वातावरण रहेको हुँदा झरनाले धेरैलाई आकर्षित गर्छ । बागलुङ, कालिका, लामो झलुङ्गे पुल लगायतका पर्यटकीय क्षेत्रको नजिकै थप अर्को झरना पहिचान भएपछि यसको प्रचारप्रसार र प्रवर्द्धन गर्न सके धेरै पर्यटक भित्र्याउन सकिने स्थानीयवासी बताउँछन् । करिब ५० मिटर अग्लो स्थानबाट झरेको झरनाको फेदमा एउटा ताल छ । त्यो ताल अहिले अव्यवस्थित छ ।

बागलुङ बजार नजिकै भएर पनि ओझेलमा परेको यो झरना अब तीव्र रूपमा प्रचारप्रसार गरी पर्यटक भित्र्याउनतर्फ लाग्ने नगर उपप्रमुख राजु खड्काले बताउनुभयो । उहाँले हिउँद बर्खा बाह्रै महिना यहाँ पानी बग्ने हुँदा यो झरना पर्यटकका लागि उत्कृष्ट गन्तव्य बन्न सक्ने बताउनुभयो । यस वर्ष मात्रै झरनाको पहिचान भएको जनाउँदै उहाँले आगामी वर्षदेखि बजेट व्यवस्थापन गरेर यहाँ पूर्वाधार निर्माण गर्ने र प्रवर्द्धनमा लाग्ने बताउनुभयो । "यो झरना अत्यन्तै सुन्दर छ, अहिलेसम्म कसैको नजर पुग्न सकेको थिएन, यो नगरपालिकाको सम्पत्ति हो, यसको विकास र प्रवर्द्धनका लागि नगरपालिका योजना बनाएर लाग्छ, वनको बीचमा रहेको हुँदा यहाँ विश्राम गर्ने, योगा, ध्यान गर्नका लागि पनि अति उपयुक्त छ", उपप्रमुख खड्काले भन्नुभयो, "अब सबैभन्दा पहिला यहाँसम्म सहज रूपमा पुग्ने पहुँच मार्ग निर्माण गर्ने र अन्य पूर्वाधार बनाएर तीव्र प्रचार गर्नुपर्ने छ, यसका लागि हामीहरूले आगामी वर्षदेखि काम गर्छौं, यहाँ पानी बाह्रै महिना बग्छ, हिउँदमा केही कम हुनु स्वाभाविक हो, व्यवस्थित गर्न जरुरी छ ।"

झरनाभन्दा माथि सडक निर्माण भएको हुँदा सडकबाट आएको भलले झरनाको फेदको तालमा क्षति पुऱ्याएको छ । बागलुङ बजारदेखि नेवारेखोला झरनासम्म पुग्न १५ मिनेट मात्र लाग्छ । अब झरनाको फेदमा पोखरी, छेउछाउमा बगैँचा र झरनासम्म पुग्ने पर्यटकका लागि रेष्टुरेन्ट सञ्चालन गर्ने योजना बनाइएको उपप्रमुख खड्का बताउनुहुन्छ । झरनाको पहिचान भएपछि पहिलो पटक त्यहाँ पुग्नुभएका नगरपालिकाका इन्जिनियर त्रिलोचन गिरीले झरनासँगै त्यस वरपरको वातावरण प्राकृतिक रूपमा निकै सुन्दर रहेको हुँदा पर्यटक भित्र्याउन समस्या नभएको बताउनुभयो । अहिले पनि झरना नजिकै सडक पुगेको हुँदा त्यस सडकलाई व्यवस्थित गर्न सकियो भने पर्यटक गाडीमै झरनासम्म पुग्न सक्ने गिरीको भनाइ छ । पदमार्ग, सडक र अन्य व्यवस्थापनका काम गर्न जरुरी रहेको उहाँ बताउनुहुन्छ ।

इन्जिनियर गिरीले भन्नुभयो, "जङ्गलको कुनामा हुँदा यो झरना अहिलेसम्म ओझेलमा परेको रहेछ, स्थानीयहरूले देखे पनि बाहिर ल्याउन सक्नुभएको थिएन, यो झरना राम्रो छ, त्यहाँ जाने बाटो राम्रो बनाउने हो भने बागलुङ आउने अधिकांश पर्यटकलाई पुऱ्याउन सहज पनि छ, पार्क, स्विमिङपुल बनाउन सके बागलुङ बजारवासीसँगै बाहिरबाट आउने आगन्तुकलाई घुमफिर गर्न निकै राम्रो स्थान छ, अहिले बाटो राम्रो छैन, एक दिन मेसिन लगेर सडक खुलायो भने गाडीमा पनि सहजै पुग्न सक्छन् ।"

# धानको गाँज कुहिन थाल्यो, किसान चिन्तित

पोखरापत्र संवाददाता
बागलुङ, ८ भदौ

खुमलचार जातको धानको गाँज कुहिन थालेपछि बडिगाड गाउँपालिकाका किसान चिन्तित बनेका छन् । हुर्कन लागेको धानको गाँज कुहिएर मर्न थालेपछि किसान समस्यामा परेका हुन् ।

बागलुङको बडिगाड गाउँपालिकाले गत आर्थिक वर्षमा अनुदानमा वितरण गरेको खुमलचार जातको धानको बीउ लगाएका किसान अहिले समस्यामा परेका छन् । बडिगाड गाउँपालिकाले रु दुई लाख २० हजार लागतमा खुमलचार, खुमलआठ, खुमलदश र पोखेली जेठोबुढोको जातको चार हजार एक सय केजीको धानको बीउ ५० प्रतिशत अनुदानमा वितरण गरिएको थियो । तर खुमलचार जातको धानको बीउ लगाएका किसानको खेतमा धानको गाँज मर्न थालेको छ । बडिगाडको खौलारा, खाल र खर्बाङ आसपासका क्षेत्रको झण्डै ३० हेक्टर धानको खेतमा लगाइएको खुमलचार जातको धानमा जरा कुहिने समस्या देखिएपछि किसान निराश भएका छन् ।

पालिकाले अनुदानमा दिएको बीउका कारण अहिले खेतमा धान मरिरहेको बताउँदै बडिगाडका गाउँपालिका-५ ग्वालिचौरका सीता आचार्यले पालिकाले यसको क्षतिपूर्ति दिनुपर्ने माग गर्नुभयो । बडिगाडका स्थानीय किसान लक्ष्मण विक र सीता आचार्य लगाएको धानखेतमा जरा कुहिने रोगको प्रकोपले धान उत्पादन घट्ने देखिएको हो । गाउँपालिकाले धानको उत्पादन बढाउन किसानलाई उन्नत जातको चार प्रकारका धानको बीउ अनुदान दिए पनि खुमलचार जातको धानमा समस्या देखिएको बडिगाड गाउँपालिकाका कृषि शाखा प्रमुख ईश्वर ओलीले जानकारी दिनुभयो । "ल्याब परीक्षण गरेका बीउमात्रै खरिद बिक्री वितरण गर्ने गरिन्छ, अन्त सफल भइसकेको खुमलचार जातको धानको बीउ यहाँ सफल भएन", उहाँले भन्नुभयो, "पालिकाले परीक्षणका लागि थोरै मात्रमा बीउ वितरण गर्न थालेको थियो, पछि किसानको माग खुमलचारमै बढी भयो, पालिकाले पुनः खुमलचारको बीउ खरिद गरेर अनुदानमा वितरण गरेको थियो ।"


## बुटिक बिक्रीमा

**सृजनाचोकमा अत्यन्त चालु अवस्थामा रहेको बुटिक पसल विशेष कारणवस तुः बिक्रीमा छ ।**

**सम्पर्कः** ९८१५१५६३०३


## एउटै व्यक्ति भएको सूचना



कास्की जिल्ला, पोखरा महानगरपालिका वडा नं. १४, निवासी भारतीय भू.पू.सै.नं. 5451031 का एल हवल्दार मन बहादुर घर्तीको छोरीको नेपाली नागरिकता प्रमाणपत्रमा नामथर मनिषा काउचा जन्ममिति वि.स. २०५६।४।११ तदानुसार 27 July, 1999 भएको र पिताको भारतीय सैनिक अभिलेखमा नामथर मनिषा घर्ति जन्ममिति सन् 23 July 1999 भएकोले उल्लेखित दुवै नामथर र जन्ममिति भएको व्यक्ति एउटै भएको व्यहोरा सिफारिस साथ अनुरोध गरिन्छ भनी कास्की जिल्ला पोखरा महानगरपालिका, १४ नं. वडा कार्यालयको च.नं. ६६३ मिति २०८०।५।५ को सिफारिस पत्रबाट लेखी आएकोले पेन्सन प्रयोजनको लागि नियमानुसार हुने जिल्ला प्रशासन कार्यालय कास्कीको अनुरोध छ ।

## एउटै व्यक्ति भएको सूचना



कास्की जिल्ला, पोखरा महानगरपालिका वडा नं. १४, निवासी भारतीय भू.पू.सै.नं. 5451031 का एल हवल्दार मन बहादुर घर्तीको छोरीको नेपाली नागरिकता प्रमाणपत्रमा नामथर अनिषा काउचा जन्ममिति वि.सं. २०५९।८।२० तदानुसार 07 Dec, 2002 भएको र पिताको भारतीय सैनिक अभिलेखमा नामथर थम माया घर्ती जन्ममिति सन् 24 Nov, 2000 भएकोले उल्लेखित दुवै नामथर र जन्ममिति भएको व्यक्ति एउटै भएको व्यहोरा सिफारिस साथ अनुरोध गरिन्छ भनी कास्की जिल्ला पोखरा महानगरपालिका, १४ नं. वडा कार्यालयको च.नं. ६५९ मिति २०८०।५।५ को सिफारिस पत्रबाट लेखी आएकोले पेन्सन प्रयोजनको लागि नियमानुसार हुने जिल्ला प्रशासन कार्यालय कास्कीको अनुरोध छ ।

## हार्दिक समवेदना

आयो टप्प टिप्यो लग्यो मिति पुग्यो, टारेर टर्दैन त्यो ।
इन्द्रै विन्ति गरुन् झुकेर पदमा, त्यो विन्ति मान्दैन त्यो ॥



जन्मः २००९/०५/२६ गते

स्वर्गारोहणः २०८०/०४/२९ गते

**स्व. काशी प्रसाद भण्डारी**

यस पितृमोक्ष किरियाकर्म सेवा समितिका कार्यसमितिका सदस्य पोखरा-१३, वि.पी.मार्ग, शान्ति टोल निवासी **काशी प्रसाद भण्डारी** को ७१ वर्षको उमेरमा भएको असामयिक निधनले हामी अत्यन्तै मर्माहत र स्तब्ध भएका छौं । उहाँको स्वर्गारोहण भएको आज १३ औं दिनको पुण्य तिथिमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दछौं । साथै यस दुःखद घडीमा शोकसन्तप्त परिवारजनप्रति धैर्य धारण गर्ने शक्ति ईश्वरले प्रदान गरुन् भनि प्रार्थना गर्दै हार्दिक समवेदना प्रकट गर्दछौं ।

**पुलेन्द्रमान श्रेष्ठ**
**अध्यक्ष तथा**
**पितृमोक्ष किरियाकर्म सेवा समिति परिवार**
**पोखरा-१३/१४**

## तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | : सत्कार मिल्नेछ | तुला | : अप्रत्यसित लाभ |
| वृष | : सम्मान मिल्नेछ | वृश्चिक | : शत्रुको भय |
| मिथुन | : आर्थिक समस्या | धनु | : झमेला बढ्ने |
| कर्कट | : मानसिक तनाब | मकर | : कार्यमा सफलता |
| सिंह | : शारीरिक झमेला | कुम्भ | : मन चञ्चल |
| कन्या | : ब्यापारमा लाभ | मीन | : सहयोग मिल्नेछ |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**
पोखरा-१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा, आखत, माटो हेर्नका लागि सम्झनुहोस् ।

## सार्वजनिक सूचना

पोखरा-२९ पिपलडाली मार्गमा रहेको हेरम्बराज चपकाई र लिला पंगेनीको कित्ता नं. १८९८, ४८८२ को क्षेत्रफल ५-१-१-१ वर्गमिटर भएको जगगामा घर निर्माण कार्य गर्ने क्रममा पूर्व तर्फ र पश्चिम तर्फका सधियाराहरु फेला नपरेको हुँदा उक्त निर्माण कार्य गर्दा बाधा पर्ने भए पोखरा महानगरपालिका वडा नं. २९ को कार्यालयमा सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

# गलकोट नगर अस्पताल : जनशक्ति र उपकरण थपिएपछि स्वास्थ्य सेवा सहज बन्दै

रासस
बलेवा, ८ भदौं

गलकोट नगरपालिकाले पछिल्लो समय स्वास्थ्य क्षेत्रमा फड्को मारेको छ । गाउँमा कोही बिरामी पर्नासाथ बागलुङ, पोखरा र काठमाडौँका अस्पतालमा पुग्ने स्थानीय अघिल्लो वर्षदेखि घर नजिकैको अस्पतालमा उपचार गराउँछन् ।

नगरपालिकाले गत वर्ष पुसदेखि नगर अस्पताल सञ्चालनमा ल्याएपछि जिल्ला बाहिर जाने बिरामीले यही उपचार गराउन थालेका छन् । पछिल्लो समय नगर अस्पतालमा नागरिकको विश्वास बढ्दै गएको छ । अस्पतालमा विशेषज्ञ सेवा सुरु भएपछि बिरामीको सङ्ख्या पनि दिनदिनै बढ्दै गएको छ । हाल अस्पतालमा एक विशेषज्ञ चिकित्सक, एक मेडिकल अधिकृतलगायतका अस्पतालमा आवश्यक दक्ष जनशक्ति थपिँदैछन् ।

अस्पतालमा आधुनिक उपकरण पनि थपिँदै गएका छन् । नगरपालिकाले गलकोट प्राथमिक स्वास्थ्य केन्द्रलाई स्तरोन्नति गरी १५ शय्याको नगर अस्पताल बनाएको हो । अहिले अस्पतालमा विशेषज्ञ डा राजेश पौडेल र डा मनोज कार्कीले सेवा दिइरहनुभएको छ । विशेषज्ञ चिकित्सकसँगै अस्पतालमा अहिले 'अल्ट्रासाउन्ड' उपकरण पनि आएको छ । नगर अस्पताललाई गलकोट समाज जापानले रु ३५ लाखको 'अल्ट्रासाउन्ड' मेसिन सहयोग गरेको छ । समाजले नगर अस्पताल सञ्चालनका लागि यसभन्दा अगाडि पनि स्वास्थ्य उपकरण तथा भवन निर्माणमा समेत सहयोग गरेको थियो ।

अस्पताल सञ्चालन गर्न एम्बुलेन्ससमेत सहयोग आएको नगरपालिकाका प्रवक्ता हिमबहादुर भण्डारीले जानकारी दिनुभयो । विदेशमा रहेर पनि गलकोटेहले आफ्नो समाजप्रति जिम्मेवार भएर सहयोग गरिरहेको उहाँको भनाइ छ । अहिले नगर अस्पतालमा भिडियो एक्स-रे, डेन्टल मेसिन, आँखा उपचार केन्द्र, बिरामी सुत्ने आधुनिक शय्या, फोल्डिङ गर्ने बिरामी कुरुवा कुर्सीलगायतमा पनि समाजबाट सहयोग गरेको भण्डारीले बताउनुभयो । एक वर्षदेखि गलकोटमा १५ शय्याको सेवा प्रवाह गर्दै आएको उहाँ बताउनुहुन्छ । यही अस्पालमा गुणस्तरीय सेवा दिन थालेपछि गलकोटबाट उपचारका लागि बाहिर जानेको सङ्ख्या न्यून भएको प्रवक्ता भण्डारीको भनाइ छ । "गलकोट समाज जापानले अहिलेमात्रै होइन, वर्षौंदेखि सहयोग गर्दै आएको छ, स्वास्थ्य क्षेत्रमा परिवर्तन ल्याउन नगरपालिकासँग सहकार्य गर्दै आएको छ, अहिलेसम्म लाखौँका सामग्री प्राप्त भएको छ", प्रवक्ता भण्डारीले भन्नुभयो, "अहिले स्वास्थ्यमा ठूलो परिवर्तन आएको छ, पहिले बिरामी हुँदाबित्तिकै हजारौँ खर्च गरेर सुविधासम्पन्न अस्पतालमा पुग्ने स्थानीय अहिले यही आएर उपचार गराउनुभएको छ, सन्तुष्ट पनि उत्तिकै हुनुहुन्छ ।"

गलकोट क्षेत्रमै सहरबजारका सुविधायुक्त अस्पतालमा जस्तै सेवा प्रवाहका लागि आफूहरूले जापानमा सहयोग जुटाएको गलकोट समाज जापानकी अध्यक्ष कालिका थापाले बताउनुभयो । गलकोट समाजले स्वास्थ्यसँगै खेलकुद र विपन्न परिवारलाई सहयोग गर्दै आएको उहाँको भनाइ छ । लामो समयदेखि समाजिककार्य गर्दै आएको गलकोट समाज जापानले रु१८ करोडभन्दा बढी रकम विभिन्न क्षेत्रमा सहयोग गरेको उहाँको भनाइ छ । नगर अस्पतालका प्रमुख डा राजेश पौडेलले सेवा थपिँदै गएपछि बिरामीको सङ्ख्या बढ्दै गएको बताउनुभयो । पछिल्लो समय ठूला सहरमा उपचार गराउन जाने बिरामीले गलकोटमै सेवा लिइरहेको पौडेलको भनाइ छ । अहिले अस्पतालमा दैनिक एक सय ७० देखि दुई सय जना बिरामीले उपचार सेवा लिने गरेको डा पौडेलले बताउनुभयो ।

हाल अस्पतालमा एक विशेषज्ञ चिकित्सक एक मेडिकल अधिकृत, छ जना नर्सिङ, हेल्थ असिस्टेन्ट दुई, नर्स तीन, अहेव तीन, अनमी तीन, रेडियोक्राफर एक, डेल्टलहाइजेनिस्ट एक, ल्याब टेक्निसिएन एक, ल्याब असिस्टेन्ट एक, कार्यालय सहयोगी पाँच र एक जना एम्बुलेन्स चालक रहेका छन् । अस्पालमा हाल गलकोट नगरपालिकाबाहेक ताराखोला, बरेङ, बडिगाड गाउँपालिका सहित गुल्मीको मुसिकोट नगरपालिकालगायतबाट बिरामी आउन थालेको उहाँको भनाइ छ ।

# पर्यटनमार्फत एक करोड आम्दानी

पोखरापत्र संवाददाता
बेनी, ८ भदौं

म्याग्दीको अन्नपूर्ण गाउँपालिकाले पर्यटनमार्फत रु एक करोड ३० लाख बढी आन्तरिक आम्दानी गरेको छ । चालु आर्थिक वर्षमा गाउँपालिकाभित्र रहेका पर्यटकीयस्थललाई आय ठेक्कामा लगाएर गाउँपालिकाले उक्त आम्दानी गरेको हो ।

गाउँपालिकाभित्र रहेका चर्चित पर्यटकीयस्थल भुरुङ तातापानी, पाउद्वार तातोपानी कुण्ड र पुनहिललाई आय ठेक्का लगाएको गाउँपालिकाले खोप्रा, मोहरेडाँडा, घोरेपानीलगायतका पर्यटकीयस्थलमा सञ्चालित होटलबाट व्यवसाय कर सङ्कलन गर्न लागेको गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत अमृत सुवेदीले जानकारी दिनुभयो । यस वर्ष अन्नपूर्ण -६ स्थित चर्चित पर्यटकीयस्थल पुनहिललाई रु ६३ लाख ११ हजार, वडा नं २ को भुरुङ तातोपानी कुण्डलाई रु ५५ लाख नौ सय र वडा नं ५ को पाउद्वार तातोपानी कुण्डलाई रु २० लाख १९ हजार पाँच सयमा आय ठेक्का सम्झौता गरेको छ ।

प्रतिस्पर्धामार्फत सबैभन्दा बढी रकम कबोल गर्ने पुनहिलमा माइलादाइ होटल एन्ड रेष्टुरेन्ट, भुरुङ तातोपानीमा उजाला कन्ट्रक्सन प्रालि र पाउद्वार तातोपानीमा स्थानीय प्रेम तुलाचनसँग अग्रिमरूपमा रकम जम्मा गरेका कारण कार्यविधिअनुसार १० प्रतिशत छुट दिएर आय ठेक्का सम्झौता गरिएको प्रमुख प्रशासकीय अधिकृत सुवेदीले बताउनुभयो । "पर्यटकीयस्थलमा प्रवेश शुल्क, कफीसफ तथा रेष्टुरेन्ट सञ्चालन गर्न एक वर्षका लागि अनुमतिसहित आय ठेक्का सम्झौता गरेका छौँ, रातोपानीको तातोपानी कुण्डलाई समेत आय ठेक्काका लागि बोलपत्र आह्वान गरेका थियौँ, तर कसैको पनि बोलपत्र नपरेपछि पुनः सूचना प्रकाशन गर्ने तयारीमा छौँ", उहाँले भन्नुभयो । गाउँपालिकाको खोप्रा क्षेत्रमा सञ्चालित होटललाई वार्षिकरूपमा व्यवसाय करवापत हरेकलाई रु ३० हजार र सार्वजनिक जग्गा प्रयोग गरेवापत रु ३६ हजार वाहलबटौली कर लिने गरेको छ । गाउँपालिकाले मोहरेडाँडा, रुप्से छहरा, घोरेपानी, अन्नपूर्ण आधार शिविरको छोटेपा र हुमखोलालगायतका ठाउँमा रहेका होटल, रेष्टुरेन्ट तथा कफीसफबाट समेत व्यवसाय कर सङ्कलन गर्दै आएको छ ।

चालु आर्थिक वर्षमा रु एक करोड ४७ लाख आन्तरिक आय सङ्कलन गर्ने लक्ष्य राखेको अन्नपूर्ण गाउँपालिकाले वर्षको सुरुआतमा नै लक्ष्य नजिकको राजस्व सङ्कलन गरिसकेको छ । गत आर्थिक वर्षमा रु एक करोड ४५ लाख आन्तरिक राजस्व सङ्कलन गर्ने लक्ष्य रहेकामा लक्ष्यभन्दा बढी रु एक करोड ६१ लाख राजस्व सङ्कलन गरेको थियो । घोरेपानी, पुनहिल, मोहरेडाँडा, खोप्रा, खयरलेक, रुप्से, नारच्याङ र महभिर झरना, विभिन्न ठाउँका तातोपानी कुण्डहरू रहेको यस गाउँपालिकाको वडा नं ४ नारच्याङमा विश्वको दशौँ र नेपालको नवौँ अग्लो अन्नपूर्ण प्रथम हिमाल अवस्थित रहेको छ । गाउँपालिकाभित्र रहेका पर्यटकीयस्थलको पूर्वाधार विकास, प्रचार-प्रसार र प्रवर्द्धन गर्दै स्थानीयवासीको जीवनस्तर सुधारसँगै गाउँपालिकाको आन्तरिक राजस्व बढाउनतर्फ जोड दिइएको गाउँपालिकाका अध्यक्ष भारतकुमार पुनले बताउनुभयो ।

# तरकारीमा आत्मनिर्भर बन्दै तनहुँ

रासस
तनहुँ, ८ भदौं

तरकारी खेतीतर्फ कृषकको आकर्षण बढेसँगै तनहुँ तरकारीमा आत्मनिर्भर बन्दै गएको छ । पछिल्लो समय तरकारी खेतीबाट मनग्य आम्दानी हुन थालेपछि कृषकको आकर्षण यसमा बढेको छ । त्यसकारण तनहुँ तरकारीमा आत्मनिर्भर मात्र होइन यहाँ उत्पादित तरकारी निर्यातसमेत हुन थालेको छ ।

कृषि ज्ञान केन्द्रका अनुसार जिल्लामा गत वर्ष ४१ हजार सात सय ८३ मेट्रिक टन तरकारी उत्पादन भएको छ । त्यसमध्ये ३५ प्रतिशत तरकारी जिल्लाबाहिर निर्यात हुने गरेको ज्ञान केन्द्र प्रमुख कुलप्रसाद तिवारीले जानकारी दिनुभयो ।

उहाँले भन्नुभयो, "आलु, प्याज र गोलभैँडाबाहेक अरू तरकारीमा तनहुँ आत्मनिर्भर छ । जिल्लाभित्रै खपतका अलवा ३५ प्रतिशत तरकारी बाहिर जान्छ ।" तिवारीका अनुसार यहाँ उत्पादित तरकारी गोरखा, लमजुङ, मनाङ, पोखरा हुँदै मुस्ताङसम्म जाने गरेको छ । सस्तो तरकारी भने बाहिरी जिल्लाबाट तनहुँ भित्रिने गरेको छ । तनहुँमा गोरखपुर, चितवन, नवलपुर, धादिङ, मकवानपुरबाट तरकारी आउने गर्दछ । गत वर्ष जिल्लामा २३ हजार चार सय २७ मेट्रिक टन हिउँदे र १८ हजार तीन सय ५६ मेट्रिक टन वर्षे तरकारी उत्पादन भएको छ । जिल्लामा तरकारी खेतीको क्षेत्रफल बढेको छ । दुई हजार छ सय तीन हेक्टर क्षेत्रफलमा हिउँदे र एक हजार छ सय दश हेक्टर क्षेत्रफलमा वर्षे तरकारी खेती हुने गरेको छ । गत एक दशकसम्म जिल्लामा दुई हजार दुई सय ५५ हेक्टर क्षेत्रफलमा तरकारी खेती हुने गरेको थियो । ज्ञान केन्द्रले गत आर्थिक वर्ष २०७९/८० मा तरकारी खेती प्रवर्द्धनका लागि रु २४ लाख खर्च गरेको थियो । चालु आव २०८०/८१ मा रु ६० लाख बजेट विनियोजन गरिएको केन्द्र प्रमुख तिवारीले बताउनुभयो । उहाँले भन्नुभयो, "तरकारी खेतीमा आकर्षण बढेसँगै बजेट तीन गुणा वृद्धि भएको छ । कृषकलाई बीउसँगै आवश्यक सीपसमेत दिन्छौँ ।" तरकारी विकास कार्यक्रमअन्तर्गत गत वर्ष तीन सय ५० कृषकलाई सहयोग गरिएको थियो । त्यसकारण व्यावसायिक तरकारी खेतीमा कृषकहरूको आकर्षण बढेको र क्षेत्र विस्तार भएको तिवारीको भनाइ छ । चालु आवमा वर्षे खुर्सानी, गोलभैँडा, अकबरे खुर्सानी, काँक्रो, वर्षे उत्पादनमा जोड दिइने तिवारीले बताउनुभयो । तरकारीखेतीतर्फ कृषकको आकर्षण बढे पनि प्राविधिक सेवा पर्याप्त हुन नसकेको आँबुखैरेनीका कृषक सोलबहादुर चितौरेले बताउनुभयो । उहाँले भन्नुभयो, "तरकारी खेतीमा विविध समस्या आइरहन्छ, त्यसतर्फ सम्बन्धित निकायले पहल गरिदिनुपर्छ ।"

# महिला टी-२० सिरिज : नेपाल र हङकङ फाइनलमा भिड्ने

रासस
काठमाडौं, ८ भदौं

समूह चरणको आजको खेलमा खेलमा मलेसियासित पराजित भए पनि नेपाल फाइनलमा पुग्न सफल भएको छ ।

चार देश सम्मिलित महिला टी-ट्वान्टी सिरिजको फाइनलमा अब नेपाल र हङकङ भिड्ने भएका छन् । फाइनल खेल शनिबार हुने छ । समूह चरणका खेल सकिँदा नेपाल, हङकङ र मलेसियाको समान चार/चार अङ्क भए पनि नेपाल र हङकङ रनरेटका आधारमा फाइनलमा प्रवेश गरेका हुन् । तीनै टोली समूह चरणका दुई दुई खेलमा विजयी भएका थिए ।

मलेसियाको राजधानी क्वालालम्पुरस्थित बायुमास ओभल क्रिकेट मैदानमा नेपालले टस हारेपछि आज पहिला ब्याटिङ गरेको हो । मलेसियाविरुद्धको खेलमा नेपालले जितका लागि ८४ रनको लक्ष्य प्रस्तुत गरेको थियो । वर्षाका कारण १८ ओभरमा सीमित गरिएको खेलमा नेपालले सात विकेटको क्षतिमा ८३ रन बनायो । मलेसियाले ८४ रनको विजय लक्ष्य १६ दशमलव दुई ओभरमा चार विकेटको क्षतिमा पूरा गऱ्यो । मलेसियाका लागि अइना हसिमले अविजित ३७ तथा इजाती इम्माइलले २१ रन बनाइन् । बलिङतर्फ नेपालका लागि पूजा महतो, रुबिना क्षेत्री बेलबासे र सीता राना मगरले एक एक विकेट लिइन् । यसअघि नेपालका लागि ब्याटिङ गर्दै कप्तान रुबिना क्षेत्री बेलबासेले २३, इन्दु बर्माले २० तथा काजल श्रेष्ठले १८ रनको योगदान दिइन् । अरु खेलाडीले सम्झिनलायक ब्याटिङ गर्न सकेनन् । नेपालले समूह चरणको पहिलो खेलमा हङकङलाई ६ विकेटले तथा दोस्रो खेलमा कुवेतलाई ३४ रनले पराजित गरेको थियो ।

आयो टप्प टिप्यो लग्यो मिति पुग्यो, टारेर टर्दैन त्यो ।
इन्द्रै विन्ति गरुन् झुकेर पदमा, त्यो विन्ति मान्दैन त्यो ॥

## हार्दिक श्रद्धाञ्जली



जन्मः
२००९/०५/२६ गते

स्वर्गारोहणः
२०८०/०४/२९ गते

**स्व. काशी प्रसाद भण्डारी**

हाम्रा पुजनीय बुबा **काशी प्रसाद भण्डारी** को ७१ वर्षको उमेरमा ब्रह्मलीन हुनु भएकोमा हामी मर्माहत एवं स्तब्ध भएका छौं । आज १३ औं दिनको पुण्य तिथिमा दिवंगत आत्माको चिरशान्ति तथा बैकुण्ठवासको कामना गर्दै हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौं । साथै यस दुःखद् घडिमा हामीप्रति श्रद्धाभाव राखि सहानुभूति एवं समवेदना प्रकट गर्नुहुने सम्पूर्ण ईष्टमित्र, कुलकुटुम्ब, छरछिमेकी, संघ संस्था एवम् शुभचिन्तकहरुप्रति हार्दिक आभार व्यक्त गर्दछौं ।

**छोराबुहारीः**

**कृष्ण/ गिता भण्डारी**
**किशन/लक्ष्मी भण्डारी**
**किरण/ सुमना भण्डारी**
**छोरीज्वाइँः रीता भण्डारी कोइराला/ निरन्जन कोइराला**

**तथा सम्पूर्ण भण्डारी परिवार, पोखरा-१३, कुँडहर**

पूनश्चः मिति २०८० भदौ ९ गते शनिबार आयोजित शुद्धाशुद्धि कार्यक्रममा सहभागी भई प्रसाद ग्रहणको लागि उपस्थित भइदिनुहुन इष्टमित्र कुलकुटुम्ब, बन्धुबान्धव विभिन्न संघसंस्था सबैमा हार्दिक अनुरोध गर्दछौं । समयः बिहान ११ः ०० बजेदेखि स्थानः पोखरा-१३, कुँडहर

आयो टप्प टिप्यो लग्यो मिति पुग्यो, टारेर टर्दैन त्यो ।
इन्द्रै विन्ति गरुन् झुकेर पदमा, त्यो विन्ति मान्दैन त्यो ॥

## हार्दिक समवेदना



जन्मः
२००९/०५/२६ गते

स्वर्गारोहणः
२०८०/०४/२९ गते

**स्व. काशी प्रसाद भण्डारी**

यस श्री गणेश तथा भद्रकाली मन्दिर सेवा समितिका आजिवन सदस्य तथा समाजसेवी पोखरा-१३, वि.पी.मार्ग, शान्ति टोल निवासी **काशी प्रसाद भण्डारी** को ७१ वर्षको उमेरमा भएको असामयिक निधनले हामी अत्यन्तै मर्माहत र स्तब्ध भएका छौं । उहाँको स्वर्गारोहण भएको आज १३ औं दिनको पुण्य तिथिमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दछौं । साथै यस दुःखद घडीमा शोकसन्तप्त परिवारजनप्रति धैर्य धारण गर्ने शक्ति श्री भद्रकाली माताले प्रदान गरून् भनि प्रार्थना गर्दै हार्दिक समवेदना प्रकट गर्दछौं ।

**योगेन्द्रमान श्रेष्ठ**
**अध्यक्ष तथा**
**श्री गणेश तथा भद्रकाली मन्दिर सेवा समिति परिवार**
**पोखरा-१२/१३**